# बलेफी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४

## संशोधन प्रस्तावहरु

१ (क) दफा २१ को विद्यालय व्यवस्थापन समिति सम्बन्धी गरिएको व्यवस्था खारेज गरी स्थानीय शिक्षा ऐन तथा नियमावली नबनुन्जेल सम्म तपसिल बमोजिमको विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य- अध्यक्ष

(ख) विद्यालयको अभिभावक मध्येबाट अभिभावक भेलाबाट छनौट भएका एक जना महिला सहित दुई जना सदस्य- सदस्य

(ग) संस्थापक, चन्दादाता, शिक्षा प्रेमी, समाजसेवी, बुद्धिजिवी मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना सदस्य - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

१ (ख) दफा ३४.प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिको निर्णय वमोजिम पाँच वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गरिनेछ ।

२ (क) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तह सञ्चालन भएको विद्यालयमा आधारभूत तहको शैक्षिक योग्यता भएको स्थायी शिक्षक प्र.अ. भएको खण्डमा शैक्षिक योग्यताको आधारमा कम्तिमा स्नातक गरेको सोही विद्यालयको अस्थायी शिक्षकलाई र अस्थायी शिक्षक पनि नभएको खण्डमा कम्तिमा स्नातक गरेको राहत करार

केदार क्षेत्री

शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको नियुक्ति सिफारिसको आधारमा गाउँ शिक्षा समितिले प्र.अ. नियुक्ति समर्थन गर्नेछ ।

१ (ग) दफा ४० करार शिक्षक छनौट समिति

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- संयोजक

(ख) सम्बन्धित तहको विषय विज्ञ दुई जना - सदस्य

(ग) स्रोत व्यक्ति - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

यस बलेफी गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीको मस्यौदा तयार गर्न देहाय बमोजिम मस्यौदा तयारी समिति गठन गरियो ।

| | |
|---|---|
| (क) संयोजक- | गाउँपालिका उपाध्यक्ष |
| (ख) सदस्य- | संयोजक, सामाजिक विकास समिति |
| (ग) सदस्य- | संयोजकले तोकेको वडा अध्यक्ष एक जना |
| (घ) सदस्य- | स्रोत व्यक्ति |
| (ङ) सदस्य- | कानूनी सल्लाहकार एक जना |
| (च) सदस्य- | संयोजकले तोकेको शिक्षा विद् एक जना |
| (छ) सदस्य- | संयोजकले तोकेको सामुदायिक विद्यालयको प्रधानाध्यापक एक जना |
| (ज) सदस्य- | गाउँपालिकाको नेपाल शिक्षक महासंघको प्रतिनिधि एक जना |
| (झ) सदस्य-सचिव | शिक्षा अधिकृत |

केदार क्षेत्री
अध्यक्ष